धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी

खण्ड-७ संख्या-१

# विविध शैक्षिक कार्यक्रम (विद्यालय बाहेक) सञ्चालन अनुमति तथा नियमनसम्बन्धी निर्देशिका २०८०

कार्यपालिकाबाट पारित मितिः २०८०।०९।२९ गते

धरान उपमहानगरपालिको शिक्षा ऐन २०७८ को दफा २४ मा भएको व्यवस्था अनुसार धरान उपमहानगरपालिका क्षेत्रमा सञ्चालन हुने होस्टल, पुस्तकालय ,कोचिङ्ग कक्षा , ट्युसन सेन्टर ,ब्रिज कोर्स , पूर्व तयारी कक्षा, सङ्गीत शिक्षा, नृत्य शिक्षा, भाषा शिक्षण, तालिम केन्द्र जस्ता विद्यालय शिक्षा बाहेकका शिक्षा प्रदान गर्ने संस्था र छात्रबास सञ्चालन जस्ता विषयहरुलाई, कानुन सम्मत र व्यवस्थित बनाउन आवश्यक भएकाले शिक्षा एक २०६८ को दफा २४ को व्यवस्था अनुसार धरान उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ अनुसार यो निर्देशिका बनाइ लागु गरिएको छ ।

# परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

### १. नाम र प्रारम्भ

(क) यो निर्देशिकाको नाम धरान उपमहानगरपालिका, विविध शैक्षिक गतिविधि ( विद्यालय बाहेक ) संञ्चालन अनुमति तथा नियमन निर्देशिका २०८० रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषा र व्याख्या -

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "प्रमुख" भन्नाले धरान उपमहानगरपालिको नगर प्रमुख भन्ने जनाउँदछ ।

(ख) "कार्यपालिका " भन्नाले धरान उपमहानगरपालिकाको नगर कार्यपालिका भन्ने जनाउँछ ।

(ग) "कार्यालय " भन्नाले धरान उपमहानगरपालिका , नगर कार्यपालिकाको कार्यालय भन्ने जनाउँदछ।

(घ) " नगरपालिका " भन्नाले धरान उपमहानगरपालिकालाई जनाउँदछ ।

(ङ) " महाशाखा " भन्नाले शिक्षा, युवा तथा खेलकुद महाशाखा भन्ने जनाउँदछ ।

(च) " शिक्षा अधिकारी " भन्नाले शिक्षा युवा तथा खेलकुद महाशाखाको प्रमुख भन्ने जनाउँदछ । यो शब्दले उक्त काम गर्न तोकिएको व्याक्तिलाई समेत बुझाउनेछ ।

(छ) " विविध शैक्षिक गतिविधि " भन्नाले होस्टल सञ्चालन, पुस्तकालय सञ्चालन ,कोचिङ्ग कक्षा , ट्युसन सेन्टर ,ब्रिज कोर्स , पूर्व तयारी कक्षा , भाषा शिक्षण गर्ने, सङ्गीत तथा नृत्य सम्बन्धी तालिम प्रदान गर्ने, साथै अन्य तालिम सञ्चालन गर्ने काम भन्ने जनाउँदछ ।

## परिच्छेद - २

### ३. स्वीकृति लिनु पर्ने :-

(क) यस उपमहानगरपालिका क्षेत्रमा कसैले होस्टल सञ्चालन , पुस्तकालय, कोचिङ्ग कक्षा, ट्युसन सेन्टर , ब्रिज कोर्स , पूर्व तयारी कक्षा , भाषा शिक्षण कक्षा, शैक्षिक परामर्श केन्द्र, प्राविधिक तालिम केन्द्रहरु, नृत्य तथा सङ्गीत तालिम केन्द्र र अन्य विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा नगरपालिकासँग पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्न पाइनेछ । यस अघि स्वीकृती नलिई सञ्चालन भई रहेका त्यस्ता संस्थाहले पनि यो नियम लागु भएपछि ४ नं को प्रक्रिया पूरागरी स्वीकृति लिनु ।

(ख) माथि (क) मा उल्लेख भएका गतिविधि सञ्चालन गर्न यस अघि नै अन्य निकायबाट स्वीकृत लिई सञ्चालन भइरहेका संस्थाहरुले समेत यो निर्देशिका जारी भएपछि नगरपालिकामा सूचीकृत हुनु पर्ने छ ।

## ४. स्वीकृति लिने प्रकृया

माथि बुदा नं. ३ को (क) मा उल्लेख भएका शैक्षिक गतिविधिहरु सञ्चालन गर्न चाहने इच्छुक व्यक्ति फर्म वा संस्थाले अनुसूची-१ को ढाँचामा उपमहानगरपालिकामा निवेदन दिनुपर्ने छ ।

(ख) निवेदनसाथ तपसिलका कागजातहरु संलग्न गर्नुपर्ने छ ।

(अ) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(आ) निवेदक संस्था कम्पनी वा फर्म भएमा संस्था वा फर्म दर्ताको प्रतिलिपि ,

(इ) कार्यक्रम सञ्चालन गर्नेसम्बन्धी विवरण ( जस्तै सञ्चालन हुने ठाउँ आफ्नै घरमा वा वहालमा, लाभग्राही जनशक्तिको विवरण, प्रस्तावित शुल्क, त्यस्ता गतिविधिमा संलग्न हुने जनशक्तिको विवरण, तालिम सञ्चालन गर्न तालिम प्रदान गर्ने प्रशिक्षकको शैक्षिक योग्यता खुलेको प्रमाण पत्रको प्रतिलिपि बहालमा भए घरवहाल सम्झौताको प्रतिलिपी आदि)

(ई) साझेदारी फर्म वा संस्था भए बैठकको निर्णयको प्रतिलिपि,

(ग) यसरी स्वीकृतिका लागि निवेदन प्राप्त भए पश्चात महाशाखाले स्थलगत अनुगमन गरी रायसहित प्रतिवेदन पेस गर्ने छ ।

(घ) सो प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात संञ्चालन अनुमति प्रदान गरिनेछ ।

(ङ) अनुमति प्रदान नगर शिक्षा अधिकारीबाट हुनेछ ।

## (५) अनुमति प्रदान गर्न पूरा गर्नु पर्ने शर्त तथा पूर्वाधारहरु –

दफा ३ को (क) मा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन गर्न अनुमति प्रदान गर्नु पूर्व तपशिलका शर्तसहित पूर्वाधार पूरा भएको हुनुपर्नेछ :

(क) प्रतिकक्षा विद्यार्थी अधिकतम २० जनाभन्दा बढी नहुने गरी कक्षा कोठाको व्यवस्थापन,

(ख) कक्षाकोठाको क्षेत्रफल प्रति विद्यार्थी १ वर्ग मिटरभन्दा कम हुन नहुने,

(ग) कक्षाकोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको पर्याप्त व्यवस्था हुनुपर्ने,

(घ) अध्यापन गराइने कक्षाकोठामा हावा , प्रकाशको उचित प्रवाह हुनुका साथै स्वस्थकर हुनुपर्ने ,

(ङ) भाडाको भवनमा कक्षा सञ्चालन हुने भए कम्तिमा एक वर्षको घरभाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने ,

(च) शिक्षक र प्रशिक्षकको शैक्षिक योग्यता जुन विषयमा जुन तहको कक्षा सञ्चालन गर्ने हो सोका लागि नेपाल सरकार र मान्यता प्राप्त विश्वविद्यालयले निर्धारण गरेबमोजिमको योग्यता हुनुपर्ने,

(छ) गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई न्यूनतम ५ प्रतिशत निशुल्क कक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(ज) प्रयोगात्मक कक्षा सञ्चालन हुने बिषयमा प्रयोगात्मक कक्षाको व्यबस्था हुनुपर्नेछ ।

(झ) शैक्षिक कार्यक्रमको अनुमति लिनु अघि सम्बन्धित निवेदकले उपमहानगरपालिकाले तोकेको बैंकमा रु पचास हजार धरौटी राख्नु पर्ने ।

(ञ) अनुमति दिने निर्णय भएपछि तोकिएको दस्तुर बुझाउनु पर्ने छ ।

**(६) छात्रवास सञ्चालन स्वीकृति सम्बन्धी थप व्यवस्था -**

कसैले नगरपालिका क्षेत्रमा छात्रवास सञ्चालन गर्न चाहेमा माथि ४ र ५ नंम्वरमा भएको व्यवस्थाका अतिरिक्त तपसिलका पूर्वाधार तथा शर्तहरु पूरा गरेको हुनुपर्ने छ ।

(क) छात्रावास सञ्चालन गर्ने भवन पक्कि, कम्पाउण्डवाल भएको सुरक्षित हुनुपर्नेछ ।

(ख) छात्रा र छात्र दुवैको लागि छात्रवास सञ्चालन गर्ने भएमा अलग अलग कम्पाउण्डवाल भएको घर हुनुपर्ने छ ।

(ग) एउटा कोठामा बढीमा २ जना मात्र बस्ने व्यवस्था हुनुपर्नेछ ।

(घ) छात्रावासमा खानाको समेत व्यबस्था गर्ने भए दिइने खानाको मेन्यू समेत पेस गर्नुपर्नेछ ।

(ङ) छात्रावासमा चौकीदार र वार्डेनको व्यवस्था अनिवार्य हुनुपर्नेछ ।

(च) छात्रावासमा बस्ने छात्र छात्राको नामावली नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(छ) छात्रवासमा पनि खेलकुद लगायत अतिरिक्त क्रियाकलापको व्यवस्था भएको हुनुपर्ने छ ।

(ज) छात्र छात्राकालागि अलग अलग शौचालयको व्यबस्था भएको हुनुपर्नेछ ।

# परिच्छेद - ३

## (७) सूचीकृत हुने सम्बन्धी प्रकृया

**दफा (३) को "ख" अनुसार सूचिकृत हुनका लागि तपसिलको प्रकृया पूरा गर्नुपर्ने छ ।**

(क) यो निर्देशिका लागू भएपछि नगरपालिकाले समय सिमा तोकी सूचीकृत हुन सूचना प्रकाशन गर्ने छ ।

(ख) सूचीकृत हुनका लागि अनुसुची २ को ढाँचामा निवेदन दिनुपर्ने छ ।

(ग) निवेदनका साथ तपसिलका कागजातहरु पेश गर्नु पर्नेछ

- (१) दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- (२) अघिल्लो आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन पेस गर्नुपर्ने छ ।
- (३) भ्याट / प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
- (४) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- (५) नगरपालिकामा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(घ) त्यसरी निवेदन प्राप्त भइसकेपछि महाशाखाबाट स्थलगत अनुगमन गरी सिफारिस गर्नेछ ।

(ङ) महाशाखाको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट सूचिकृत गर्ने निर्णय भएपछि सूचिकृत गरी सूचीकृत भएको निस्सा प्रदान गरिने छ ।

(च) सूचना प्रकाशन भएको मितिले तीन महिना भित्रमा सूचीकृत हुन नआएमा सो समय पछि जरीवाना लाग्ने छ साथै त्यस्तो सूचीकृत नभएकालाई कार्यक्रम सञ्चालन अनुमति दिईने छैन ।

# परिच्छेद - ४

**(८) प्रशिक्षकहरुको योग्यता सम्बन्धमा -**

**(क) पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षकको न्यूनतम योग्यता देहाय वमोजिम हुनु पर्नेछ ।**

(अ) कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण वा सम्बन्धित भाषाको कम्तीमा एक बर्षे तालिम लिएको वा उक्त भाषाको कम्तीमा Diploma Level अध्ययन पूरा गरेको ।

(आ) TOEFL, IELTS, SAT, JLPT अध्यापनका लागि स्नातक तह उत्तीर्ण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्तांक प्राप्त गरेको हुनुपर्नेछ ।

(इ) GRE, GMAT अध्यापनका लागि स्नाकोत्तर तह उत्तीण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्तांक प्राप्त गरेको हुनुपर्नेछ ।

**(ख) संगीत शिक्षा तथा नृत्य शिक्षा प्रशिक्षकको न्यूनतम योग्यता देहाय वमोजिम हुनु पर्नेछ ।**

(अ) संगीत शिक्षकको हकमा जुन लेबलको कक्षा सञ्चालन गर्ने हो सो लेवल भन्दा एक तह माथिको प्रशिक्षक हुनु पर्नेछ ।

(आ) नृत्य प्रशिक्षकको हकमा वेसिक ६ महिने कोर्षको हकमा एड्भान्स लेवलको तालिम लिएको हुनु पर्ने र एड्भानस लेवलको एक वर्षे कोर्षको हकमा कम्तीमा Diploma Level को तालिम लिएको प्रशिक्षक हुनु पर्नेछ ।

## परिच्छेद - ५

**(९) लेखा परीक्षण सम्बन्धमा -**

(क) आर्थिक पारदर्शिताका लागि माथि उल्लेखित शैक्षिक गतिविधि सञ्चालन गर्ने व्यक्ति, फर्म वा संस्थाले आय व्ययको विवरण प्रष्ट खुल्नेगरी राख्नु पर्नेछ ।

(ख) महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा लेखा प्रणालीको अबलम्बन गर्नु पर्नेछ र प्रत्येक बर्ष आय व्ययको विवरण अध्याबधिक गराई राख्नु पर्नेछ ।

(ग) मान्यता प्राप्त स्वतन्त्र लेखा परीक्षकवाट प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण गराई सो को प्रतिवेदन संस्था नवीकरण गर्दाका वखत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ६

**(१०) निर्देशन पालना गर्नु पर्ने -**

(क) माथि उल्लेखित स्वीकृति लिई सञ्चालन भएका संस्थाहरुको नगरपालिकाबाट समय समयमा अनुगमन गरी दिइएको निर्देशन सम्बन्धित संस्थाहरुले पालना गर्नुपर्ने छ ।

(ख) दिइएको निर्देशन पालना नगर्ने र नगरपालिकाबाट संस्था सञ्चालन गर्नुभन्दा बन्द गर्नु नै उचित ठानी बन्द गर्न दिएको निर्देशन सम्बन्धित संस्थाले पालना गर्नु पर्नेछ ।

**(११) गैर नेपालीलाई भाषा शिक्षक राख्न स्वीकृति लिनु पर्ने -**

नेपाली बाहेक अन्यलाई भाषा शिक्षक राख्ने भएमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायवाट स्वीकृति लिएको हुनु पर्नेछ ।

**(१२) विद्यार्थी सँग सम्झौता गर्नु पर्ने -**

माथि उल्लेखित शैक्षिक गतिविधिहरु सञ्चालन गर्दा सञ्चालकले विद्यार्थीहरु सँग सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा परामर्श लिने वा दिने देश, विश्वविद्यालय, कलेज, बिषय, अवधि, उपाधि, स्तर निर्धारण, उपाधि समकक्षता, लगायत धरौटी फिर्ता प्रकृया, आवास खर्च, निर्वाह खर्च, आदि विषयमा प्रष्ट खुलाउनु पर्नेछ ।

## परिच्छेद - ७

**(१३) विद्यार्थीले पालन गर्नु पर्ने कुराहरु -**

(क) आफूले परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण लिन चाहेको संस्थाको बैधानिकता सुनिश्चित गर्नु पर्ने ।

(ख) शैक्षिक परामर्श दाता वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षकको योग्यता वारेमा सुनिश्चित हुनु पर्ने ।

(ग) आफ्ना योग्यताका प्रमाण पत्रहरु तथा आफूसँग सम्बन्धित यथार्थ विवरण पेश गर्नु पर्नेछ ।

(घ) सम्झौता अनुसारको लागत बहन गर्नु पर्नेछ ।

**(१४) स्वीकृति रद्द हुने -**

शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा वा अन्य शिक्षण सम्बन्धी स्वीकृति देहायको अबस्थमा रद्द हुनेछ ।

(क) सम्बन्धित संस्थाले नै स्वीकृति रद्द गरी पाउँ भनी निवेदन दिएमा ।

(ख) स्वीकृति लिदा पालना गर्नुपर्ने भनिएका शर्तहरु तीन पटक सम्म उल्लघंन गरेमा ।

(ग) संस्थाले झुटा एवं बद्रियत पूर्ण तवरवाट गलत ढंगले सेवा प्रदान गरेको प्रमाणित भएमा ।

(घ) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित शूल्क भन्दा शूल्क लिएको पाईएमा ।

(ङ) त्यस्तो संस्थाको दर्ता खारेज भएमा ।

(च) संस्था सञ्चालन गर्ने संस्था विघटन भएमा ।

(छ) संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी लिक्व्यूडेसन भएको प्रमाणित भएमा ।

(ज) सो सम्न्धी ऐन, नियम, कानूनको उल्लघंन गरेमा ।

**(१५) निरीक्षण, अनुगमन र मूल्याङकनः -**

माथि उल्लेख गरिएका विविध शैक्षिक गतिविधिहरुको निरीक्षण, अनुगमन र मूल्याङकन नगरपालिकाले गर्नेछ ।

# अनुसूची - १

## विविध शैक्षिक गतिविधि ( विद्यालय वाहेक) सञ्चालन गर्न अनुमतिका लागि दिइने निवेदन

श्री धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धरान - १२

मिति

**विषय : शैक्षिक गतिविधि ( विद्यालय वाहेक) सञ्चालन अनुमति पाउँ भन्ने बारे**

उपर्युक्त सम्बन्धमा म / हामीले तपसिल अनुसारको बिवरण भएको शैक्षिक गतिविधि सञ्चालन गर्ने भएकाले स्वीकृतिका लागि तपसिलको विवरण र कागजातहरु संलग्न राखी अनुरोध गर्दछु / गर्दछौं ।

(क) सञ्चालन गर्न लागेको कार्यक्रम ( १ भन्दा वढी भएका सवैको नाम लेख्ने )

(ख) सञ्चालन हुने स्थान ..............वडा नं. .......... टोलको नाम...............घर नं. ..................भाडामा वा आफ्नै घर ....................

(ग) संचालकहरुको विवरण

(घ) व्यवस्थापनको प्रकृया

(ङ) लिइने फि को प्रस्ताव

(च) कोर्षको समयावधि

(१) संलग्न कागजातहरु

(क) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्वन्धित वडाको सिफारिस

(ग) कुनै दर्तावाल संस्था भए दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(घ) भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि

# अनुसूचि - २

## सूचिकृत हुन दिने निवेदनको ढाँचा

श्री धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलय,
धरान - १२ , सुनसरी ।

मिति

**विषय - सूचिकृत गरी पाऊँ भन्ने बारे ।**

उपर्युक्त सम्बन्धमा मिति ......................... मा .................... दर्ता भइ सञ्चालनमा रहेको .................... नामको फर्म सुचिकृत गर्न तपशिलका कागजातहरु संलग्न राखि निवेदन पेश गरेको छु / छौ/ नियमानुसार सूचिकृत गरिदिन हुन अनुरोध छ ।

**तपशिल**

(१) कार्यक्रम सञ्चालन स्वीकृति लिएको प्रमाणपत्रको प्रतिलिपि,
(२) भ्याट / प्यान दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(४) नगरपालिका दर्ताको प्रतिलिपि ,
(५) बार्षिक प्रगती विवरण

**प्रमाणित गर्नेको**

हस्ताक्षर :......................
नाम : श्री प्रज्ञादेवी निरौला
पद : प्रमुख प्रशासकीय अधिकृत
प्रमाणित मिति : २०८० माघ ११ गते, बुधवार